# तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय

तुलसीपुर ,दाङ

## " कोभिड-१९ बाट प्रभावित व्यक्तिहरुको उद्यमशिलता विकास कार्यक्रम संचालन निर्देशिका २०७७ "

उद्योग तथा व्यवसाय प्रवर्द्धन शाखा

घनश्याम पाण्डे
प्रमुख

कार्यपालिकाबाट भएको निर्णय मितिः- २०७७/११/११
प्रमाणिकरण मितिः- २०७७/११/११

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

# तुलसीपुर उपमहानगरपालिकाको

## कोभिड -१९ बाट प्रभावित व्यक्तिहरुको उद्यमशिलताको विकास कार्यक्रम संचालन निर्देशिका, २०७७

प्रस्तावनाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम " कोभिड १९ बाट प्रभावित व्यक्तिहरुको उद्यमशिलताको विकास कार्यक्रम संचालन निर्देशिका, २०७७" तुलसीपुर उपमहानगरपालिकाले बनाएको छ ।

परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(क) यस कार्यविधिको नाम " कोभिड १९ बाट प्रभावित व्यक्तिहरुको लागि उद्यमशिलता विकास कार्यक्रम संचालन निर्देशिका, २०७७" रहेको छ ।

(ख) यो निर्देशिका तुलसीपुर उपमहानगरपालिका भित्र लागु हुनेछ ।

(ग) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः-** (१) बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) " ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ

(ख) "उपमहानगर पालिका" भन्नाले तुलसीपुर उप महानगरपालिकालाई सम्झनु पर्छ ।

(ग) "नगरसभा" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको नगरसभा सम्झनु पर्छ ।

(घ) "आर्थिक समिति" भन्नाले आर्थिक नीति निर्देशन सम्वन्धी काम कारवाहीका सम्वन्धमा नीतिगत निर्णय गर्ने वा कार्यपालिका, नगरसभा समक्ष आर्थिक नीतिका सम्वन्धमा ब्यवस्था गर्न बन्ने ऐन, नियमावली, कार्यविधि, निर्देशिकाको मस्यौदा गरी

घनश्याम पाण्डे
प्रमुख

पारित गर्नका लागि सम्वन्धित निकाय समक्ष सिफारीस समेतको कार्य गर्नको लागि नगरसभाबाट चयन गरिएको आर्थिक समितिलाई सम्झनु पर्छ ।

(ङ)"कार्यपालिका" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

(च) "नगर प्रमुख" भन्नाले तुलसीपुर उपमहानगरपालिकको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत " भन्नाले तुलसीपुर उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ज) "कोभिड १९ बाट प्रभावित व्यक्ति" भन्नाले तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र स्थायी रुपमा बसोबास गर्ने व्यक्ति मध्ये कोभिड १९ (Covid 19) बाट मृत्यु भएका व्यक्तिको आश्रित परिवार, स्वदेशी तथा वैदेशिक रोजगार गुमाएका व्यक्ति वा निजसंग आश्रित परिवारलाई सम्झनु पर्छ ।

(झ) "लक्षित समूह" भन्नाले यस निर्देशिका बमोजिम सीपमूलक व्यवसाय गर्ने व्यक्ति वा समूहलाई सम्झनु पर्छ ।

(ञ) "उद्यमशिलता विकास तालिम " भन्नाले यस निर्देशिका बमोजिम व्यवसाय स्थापना तथा संचालनका लागि आवश्यक उत्प्रेरणा तथा व्यवसायिक ज्ञान प्रदान गर्ने उद्देश्यले प्रदान गरिने व्यवसायिक तालिम सम्झनु पर्छ ।

(ट) "उद्यमी" भन्नाले यस निर्देशिका बमोजिम संचालन हुने ब्यवासयिक सीपमा आधारित प्रशिक्षणबाट व्यवसाय गर्न सक्ने व्यक्ति वा समूहलाई सम्झनु पर्छ ।

घनश्याम पाण्डे
प्रमुख

(ठ) "सेवा प्रदायक संस्था" भन्नाले यस निर्देशिका बमोजिम उद्यमशिलता विकासको प्रशिक्षण संचालन गर्न सक्ने विषय विज्ञ वा प्रचलित कानून बमोजिम दर्ता भएका सेवा प्रदायक संगठित संस्थालाई सम्झनु पर्छ ।

(ड)"शाखा प्रमुख" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको उद्योग तथा व्यवसाय प्रवर्द्धन शाखाको प्रमुख सम्झनु पर्छ ।

(ढ) "शाखा" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको उद्योग तथा व्यवसाय प्रवर्द्धन शाखा हेर्ने गरी तोकिएको शाखा वा उपशाखा सम्झनु पर्छ ।

## परिच्छेद २

## लक्षित समूह

**३. लक्षित समूहः-**

(१) यस निर्देशिका बमोजिम संचालन हुने उद्यमशिलता विकास प्रशिक्षणमा निम्नानुसारका व्यक्ति वा संगठित संस्था सहभागी हुन पाउने छन्-

(क) तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र स्थायी रुपमा बसोबास गर्ने,

(ख) कोभिड १९ (Covid 19) बाट मृत्यु भएका व्यक्तिको आश्रित परिवारको एकाघरको सदस्य,

(ग) कोभिड १९ (Covid 19) को कारण स्वदेशी तथा वैदेशिक रोजगार गुमाएका व्यक्ति वा निजसंग आश्रित परिवारको एकाघरको सदस्य,

(घ) (क)(ख) र (ग) मा उल्लेख गरिएको आधार लिई त्यस मध्ये बार्षिक आम्दानी रु.४०,०००।- (चालिस हजार) भन्दा कम हुने व्यक्ति वा निजसंग आश्रित परिवारको एकाघरको सदस्य ।

घनश्याम पाण्डे
प्रमुख

(२) उद्यमशिलता विकास प्रशिक्षणमा सहभागी हुन चाहने व्यक्तिले सम्वन्धित वडामा अनुसूची १ को ढाँचामा आवेदन दिनु पर्नेछ ।

(३) उपदफा (१) को (क) (ख) (ग) मा उल्लेख गरिएका लक्षित व्यक्ति मध्ये महिला, जनजाती, दलित, अपाङ्ग, लोपउन्मुख जातीलाई समाबेशी सिद्धान्तको आधारमा प्राथमिकता दिई सम्वन्धित वडा कार्यालयले नामावली छनौट गरी सहभागीको लागि अनुसूची- २ को ढाँचामा सिफारीस गरी पठाउनु पर्नेछ ।

(४) यस निर्देशिका बमोजिम संचालन हुने उद्यमशिलता विकास प्रशिक्षणमा नियमित रुपमा सहभागी हुनेलाई अनुसूची- ४ को ढाँचामा निशुल्क प्रमाणपत्र उपलव्ध गराउनु पर्नेछ ।

## परिच्छेद -३

## प्रशिक्षार्थी छनौट प्रक्रिया

४. छनौटको प्रक्रिया: सम्वन्धित वडाले निम्नानुसारका सहभागी छनौटको लागि ७ दिने सार्वजनिक सूचना प्रकाशित गर्नु पर्नेछ:

(क) प्रत्येक वडाबाट कम्तिमा ३ जनाको संख्यामा सहभागी छनौट गरी पठाउनु पर्नेछ,

(ख) कोभिड १९ (Covid 19) बाट मृत्यु भएका व्यक्तिसंग आश्रित एकाघरको परिवारको सदस्य छनौट गरी पठाउनु पर्नेछ,

(ग) कोभिड १९ (Covid 19) बाट स्वदेशी तथा वैदेशिक रोजगार गुमाई स्वदेश फर्कि आएको व्यक्ति वा निजसंग आश्रित एका घरको परिवारको सदस्य छनौट गरी पठाउनु पर्नेछ,

(घ) (क)(ख) र (ग) मा उल्लेख गरिएको आधार लिई त्यस मध्ये बार्षिक आम्दानी रु. ४०,०००।- (चालिस हजार) भन्दा कम भई आर्थिक रुपमा विपन्न व्यक्ति वा निजसंग आश्रित एकाघरको परिवारको सदस्यलाई पहिलो प्राथमिकता दिनु पर्नेछ ।

घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७४

(ङ) परिच्छेद २ को दफा (३) उपदफा (१) को (क) (ख) (ग) र (घ) को अधिनमा रही सम्वन्धित वडा कार्यालयले नामावली छनौट गरी उद्यमशिलता विकास प्रशिक्षणमा सहभागिताको लागि सिफारीस गरी पठाउनु पर्नेछ ।

## परिच्छेद-४

## उद्यमशिलता विकास प्रशिक्षण/तालिम सञ्चालन

(५) दफा (३) बमोजिम छनौट भई आएका सहभागीहरुका विच उद्यमशिलता विकास कार्यक्रमको उद्देश्य, महत्व, रुची, क्षमता, आवश्यकता, सम्भाव्यता, कच्चा पदार्थ र बजारको उपलव्धता समेतका आधारमा विज्ञ व्यक्तिबाट सहभागिहरुलाई १ दिने अभिमुखिकरण प्रशिक्षण दिईने छ ।

(६) उपदफा (५) को अधिनमा रही सहभागीहरुको समूह निर्धारण गर्दा अनुसूची-३ को ढाँचामा एउटा समूहमा वढीमा ९ जना सम्म हुने गरी समूह निर्धारण गरिनेछ ।

(७) दफा (५) बमोजिम अभिमुखिकरण विकास प्रशिक्षणमा सहभागी भई दफा (६) बमोजिम समूह निर्धारण गर्दा सम्वन्धित प्रशिक्षार्थीहरुले अनुसूची- ४ बमोजिमको ढाँचामा उद्यमशिलता विकास कार्यक्रममा प्रशिक्षण (तालिम) लिन चाहेको विषयगत मन्जुरीनामा दिएको हुनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम समूह निर्धारण पश्चात उद्यमशिलता विकास सम्वन्धी सीपमूलक (छोटो, मध्यम र लामो अवधिको) तालिम दिनु पर्नेछ ।

(९) यस निर्देशिका बमोजिम संचालन हुने उद्यमशिलता विकास कार्यक्रम संचालनार्थ सीपमूलक (छोटो, मध्यम र लामो अवधिको) तालिम विषय विज्ञ वा सेवा प्रदायक संस्थाबाट संचालन गरिनेछ ।

घनश्याम पाण्डे
प्रमुख

## परिच्छेद- ५

### अनुगमन सम्वन्धी व्यवस्थाः

(१०) यस निर्देशिकाको परिच्छेद ४ दफा (८) बमोजिम संचालन हुने प्रशिक्षण/तालिम कार्यक्रमको अवधि अनुसार बढीमा ३ पटक अनुगमन गर्नु पर्नेछ ।

(११) उपदफा (९) बमोजिमको प्रशिक्षण/तालिम कार्यक्रमको अनुगमन समितिमा देहाय बमोजिमका सदस्यहरु रहने छनः-

(१) उप-प्रमुख- संयोजक

(२) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(३) आर्थिक समितिका संयोजक- सदस्य

(४) शिक्षा युवा तथा खेलकुद महाशाखा प्रमुख- सदस्य

(५) उद्यमशिलता विकास तालिम/प्रशिक्षण संचालन हुने स्थानको वडाको वडा अध्यक्ष- सदस्य

(६) प्रधानमन्त्री स्वरोजगार कार्यक्रम संयोजक- सदस्य

(७) सम्वन्धित शाखाको शाखा प्रमुख- सदस्य सचिव

## परिच्छेद- ६

### बिबिधः

(१२) "कोभिड -१९ बाट प्रभावित व्यक्तिहरुको उद्यमशिलताको विकास कार्यक्रम संचालन निर्देशिका, २०७७" बमोजिम उद्यमशिलता विकास कार्यक्रममा सहभागी भई सफल भएका उम्मेदवारले व्यवसाय स्थापना गरी स्वरोजगार बन्नको लागि यस तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर दाङको आर्थिक बर्ष २०७७/०७८ को बार्षक बजेट तथा कार्यक्रमको क्र.सं.५, बजेट रकम/ खर्च शिर्षक नं. ३११५९ अन्तरगत रहेको ***स्टार्ट अप व्यवसाय सहयोग तथा इन्क्युवेशन सेन्टर स्थापना*** शिर्षक अन्तरगत कार्यविधि/ संचालन निर्देशिका बनाई कामकारवाही अगाडी बढाइने छ ।

घनश्याम पाण्डे
प्रमुख

(१३) तुलसीपुर उपमहानगरपालिका अन्तरगत रहेका वडाहरु मध्ये कुनै पनि वडामा यस आर्थिक बर्ष २०७७/०७८ को बार्षक बजेट तथा कार्यक्रम अन्तरगत ***" लक्षित बर्गको आर्थिक सशक्तिकरण "*** अन्तरगत बजेट विनियोजन भएको भए सम्वन्धित वडाले **लक्षित बर्गको लागि आर्थिक सशक्तिकरण कार्यक्रम संचालन निर्देशिका** पारित गरी यस निर्देशिकाको अधिनमा रही उक्त कार्यक्रम समेत संचालन गर्न सक्ने छन ।

(१४) यस निर्देशिका बमोजिम उद्यमशिलता विकास कार्यक्रम संचालन गर्दा प्रचलित कानूनको अधिनमा रही आर्थिक कारोवार गर्नु पर्नेछ ।

घनश्याम पाण्डे
प्रमुख

अनुसूची-१

(दफा ३ को उपदफा २ संग सम्वन्धित)

कोभिड १९ बाट प्रभावित व्यक्तिहरुको उद्यमशिलताको विकास कार्यक्रम संचालन निर्देशिका, २०७७

निवेदनको ढाँचा

आवेदकको नाम:-
आवेदकको बाबु/पति/पत्नीको नाम:-
आवेदकको बाजे/ससुराको नाम:-
जन्ममिति:-
नागरिकता प्रमाण पत्र नं:-
जारी मिति:-
जिल्ला:-
लिङ्ग:-
सम्पर्क नं.:-

<u>समावेशीको आधार-</u>

कोभिड १९ बाट परेको प्रभावको बिबरण:-

(१) एकाघरको परिवारको सदस्यको मृत्यु भएको
(२) बैदेशिक रोजगारी गुमाएको/ स्वदेशमा रोजगार, व्यवसाय धरासायी भएको पुष्टयाई हुने कागजात संलग्न भएको हुनु पर्नेछ ।

<u>अनुभव-</u>

उद्यमशिलता सम्वन्धी कुनै तालिम लिएको भए
१.तालिमको नाम:-

<u>निवेदक</u>
नाम:-
दस्तखत:-
मिति:-

दायाँ बायाँ

*द्रष्टव्य:- माथि लेखिएको व्यहोरा ठिक साँचो हो, झूट्टा ठहरे प्रचलित कानून बमोजिम सहुंला बुझाउंला भनि दाया बायाँ औंलाको ल्याप्चे सहिछाप गरेको छु ।*

घनश्याम पाण्डे
प्रमुख

अनुसूची-२

(परिच्छेद २ दफा ३ को उपदफा (३) संग सम्वन्धित)

## कोभिड १९ बाट प्रभावित व्यक्तिहरुको उद्यमशिलताको विकास कार्यक्रम संचालन निर्देशिका, २०७७

## सहभागी सिफारीसको ढाँचा

आवेदकको नाम:-

आवेदकको बाबु/पति/पत्नीको नाम:-

आवेदकको बाजे/ससुराको नाम:-

जन्ममिति:-

नागरिकता प्रमाण पत्र नं:-

जारी मिति:-

जिल्ला:-

लिङ्ग:-

सम्पर्क नं.:-

<u>समावेशीको आधार-</u>

कोभिड १९ बाट परेको प्रभावको बिबरण:-

(१) एकाघरको परिवारको सदस्यको मृत्यु भएको
(२) बैदेशिक रोजगारी गुमाएको/ स्वदेशमा रोजगार, व्यवसाय धरासायी भएको पुष्ट्याई हुने कागजात संलग्न भएको हुनु पर्नेछ ।

<u>अनुभव-</u>

उद्यमशिलता सम्वन्धी कुनै तालिम लिएको भए

१.तालिमको नाम:-

कोभिड १९ बाट प्रभावित व्यक्तिहरुको उद्यमशिलताको विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ परिच्छेद २ दफा ३ को उपदफा (१)(क)(ख)(ग)(घ) मा भएको व्यवस्था र ऐ.को दफा ३ मा भएको आधार समेतलाई प्राथमिकता दिई माथि उल्लेखित सहभागी पठाईएको व्यहोरा सिफारीस साथ अनुरोध गरिन्छ ।

| -------------- | ---------------------- | ---------------------- |
|---|---|---|
| (वडा सचिव) | (महिला/दलित वडा सदस्य) | (वडा अध्यक्ष) |

*द्रष्टव्य:- यस प्रशिक्षण कार्यक्रममा सहभागी पठाउंदा वडा समितिको निर्णयको प्रतिलिपि समेत संलग्न गरी पठाउनु पर्नेछ ।*

घनश्याम पाण्डे
प्रमुख

अनुसूची-३

(परिच्छेद ४ को दफा ५ संग सम्बन्धित)

# कोभिड १९ बाट प्रभावित व्यक्तिहरुको उद्यमशिलताको विकास कार्यक्रम संचालन निर्देशिका, २०७७

## सहभागीहरुको समूह निर्धारणको ढाँचा

आवेदकको नाम:-
आवेदकको बाबु/पति/पत्नीको नाम:-
आवेदकको बाजे/ससुराको नाम:-
जन्ममिति:-
नागरिकता प्रमाण पत्र नं:-
जारी मिति:-
जिल्ला:-
लिङ्ग:-
सम्पर्क नं.:-

मिति २०७७/ / / गतेका दिन संचालन भएको अभिमुखिकरण प्रशिक्षण/तालिमबाट मलाई ------------------------------- उद्यमशिलता विकास तालिम लिने ईच्छा भएकोले उल्लेखित समूहमा सहभागी हुन मेरो मन्जुरी छ भनि दायाँ बायाँ ल्याप्चे सहितको सहिछाप गरि दिएको छु ।

निवेदक
नाम:-
दस्तखत:-
मिति:-

दायाँ बायाँ

*द्रष्टव्य:- माथि लेखिएको व्यहोरा ठिक साँचो हो, झूट्टा ठहरे प्रचलित कानून बमोजिम सहुंला बुझाउंला भनि दायाँ बायाँ औंलाको ल्याप्चे सहिछाप गरेको छु ।*

घनश्याम पाण्डे
प्रमुख

अनुसूची-४

(परिच्छेद २ को दफा ४ संग सम्वन्धित)

कोभिड १९ बाट प्रभावित व्यक्तिहरुको उद्यमशिलताको विकास कार्यक्रम संचालन निर्देशिका, २०७७

**सहभागीहरुलाई दिईने प्रमाणपत्रको ढाँचा**

तुलसीपुर उपमहानगरपालिका कोभिड १९ बाट प्रभावित व्यक्तिहरुको उद्यमशिलताको विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम मिति २०७७/ / / गते देखि मिति २०७७/ / / गते सम्म संचालन भएको ------------------------ उद्यमशिलता विकास प्रशिक्षण तालिममा नियमित रुपमा सहभागी हुनु भएकोले तुलसीपुर उपमहानगरपालिका वडा नं.----- बस्ने श्री------------------लाई यो प्रमाणपत्र प्रदान गरिएको छ ।

| ------------------------ | --------------------- | ------------------- |
| --- | --- | --- |
| प्रशिक्षक | प्रमुख प्रशासकीय अधिकृत | नगर प्रमुख |

घनश्याम पाण्डे
प्रमुख